बाइबल शिक्षण श्रृखला



परमेश्वरको प्रेम र क्षमादानको बारेमा स्व अध्ययन पाठयक्रम

# टुक्रिएको हृदय भएको बुवा

# टुक्रिएको हृदय भएको बुवा

परमेश्वरको प्रेम र क्षमादानको बारेमा
स्व अध्ययन पाठ्यक्रम

Multi-Language Productions
Bringing the Word to the World

यस पूस्तकको पाठकरु वीस्कान्सिन इभान्जिलिकल लूथरन सिनेडको बहूभाषा प्रकाशनद्वारा उत्पादन गरिएको ।

कपिराईट © २००७

२०११ मा प्रकाशित

रङ्गीन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्य हो । दृष्टान्तहरु नर्थ वेष्टर्न पब्लिशिङ्ग हाउसले सूरक्षित राखेको छ ।

बाइबलका अंशहरु नेपाली पवित्र बाइबल न्यु रिभाईज्ड भर्सनबाट लिइएको हो ।

कपिराईट ©१९९७, २००९ नेपाल बाइबल सोसाइटीको अनुमतिले प्रयोग गरिएको हो ।

पूस्तक १३

# विषय सूची

प्रारम्भमा ....................................................१

अध्याय १:

उखानहरु, (उपदेशहरु) (दृष्टान्तहरु)........................५

अध्याय २:

घरबाट निस्किनु, घर छोडनु.............................१७

अध्याय ३:

छोराको सबै भन्दा खराब दिनहरु.......................२९

अध्याय ४:

घरमा स्वागत .........................................४३

अध्याय ५:

"म यो बुझ्न सक्दिन" ..................................५७

शब्दकोष.................................................६७

अध्यायका जाँचका उत्तरहरु................................७१

अन्तिम जाँच...............................................७३

# प्रारम्भमा

यो पुस्तक येशूले बाइबलमा एउटा कथा भन्नुभएको बारेमा हो । यो कथा हराएको छोराको बारेमा हो । यो पुस्तक पाँच अध्यायमा विभाजित छ । पहिलेका चार अध्यायहरुको अन्तमा एउटा जाँच छ । ति जाँचका प्रश्नहरु तपाईले अध्यायमा पढेको अर्न्तगत छन ती प्रश्नहरुका उत्तरहरु तपाईले अध्यायमा दिइसक्नु भएको छ ।

जब तपाई प्रश्नहरुको समूहको उत्तर लेखि सक्नहुन्छ, तपाईलाई दिइएको पेज नं.मा गएर तपाई आफ्नो उत्तरहरु जाँच्न सक्नुहुन्छ । तपाईका उत्तरहरुलाई सावधानी पूर्वक जाँच्नुहोस । तपाईले कुनै त्रुटी गर्नुभएको छ भने सच्याउनुहोस् । अरु अध्याय सुरु गर्नु भन्दा पहिले तपाई सबै उत्तरहरु सम्झि राख्न निश्चित हुनुहोस् ।

पुस्तकको अन्तमा एउटा अन्तिम जाँच छ । तपाईले यो जाँच पूरा गर्नु भन्दा पहिले तपाईले अध्यायका जाँचहरुलाई दोहऱ्याउनुहोस । यदि कुनै प्रश्नहरुको उत्तरको लागि सहायता चाहिएमा कृपया किताबमा हेर्नुहोला । जब तपाई अन्तिम जाँच पूरा गर्नु हुन्छ, तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई यो परीक्षा पत्र बुझाउनुहोस् अथवा यो पुस्तकको पछाडि लेखिएको ठेगानामा पठाउनुहोस् ।

मेरा परमेश्वरले तपाईलाई येशूको बारेमा सिक्न अरु बढी सहायता गरुन र तपाईले परमेश्वरको वचन अध्ययन गरेको समयलाई आशिष देउन ।

# लूका १५:११-३२

११ उहाँले भन्नुभयो, “कुनै मानिसको दुइ छोरा थिए । १२ कान्छा
चाहिंले बाबुलाई भन्यो,” पिताज्यू, मेरो भागमा पर्ने धन-
सम्पत्तिको हिस्सा मलाई दिनुहोस् ।” तब तिनले आफ्नो सम्पत्ति
तिनीहरुलाई बाँडीदिए । १३ धेरै दिन बित्दा नबित्दै धन-सम्पत्ति
बटुलेर कान्छो छोरा टाढा देशमा गयो, र त्यहाँ भोग-विलासमा
आफ्नो सम्पत्ति उडायो ।

१४ त्यसले सबै रुपिया पैसा खर्च गरिसकेको थियो । त्यसै बेला
त्यस देशमा ठूलो अनिकाल पर्‍यो, र त्यसलाई अभाव हुन
थाल्यो । १५ त्यो गयो, र त्यस देशको एकजना नागरिककहाँ
त्यसले काम माग्यो । उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरु
चराउन पठायो । १६ सुँगुरले खाने चारोले त्यसले आफ्नो पेट
भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैन थियो ।

१७ “जब त्यसको चेत खुल्यो, त्यसले भन्यो, ‘मेरा बाबुका धेरै
ज्यालादारी चाकरहरु भरपेट खाएर उबार्ने गर्छन्, तर म चाहिँ
भोकले मरिरहेछु । १८ म उठेर आफ्ना बाबुकहाँ जानेछु, र
उहाँलाई भन्नेछु, “बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईको
दृष्टिमा पाप गरेको छु । १९ अब उपरान्त म तपाईको छोरा
भनिने योग्यको छैनँ । मलाई तपाईका ज्यालादारी चाकरहरु मध्ये
एउटा सरह तुल्याउनुहोस् ।”’ २० तब त्यो उठेर आफ्ना बाबुकहाँ
गयो । “तर त्यो धेरै टाढा छँदा त्यसका बाबुले त्यसलाई देखे,
र तिनी दयाले भरिए, र दौडेर गई त्यसलाई अगाँलो हालेर
त्यसलाई चुम्बन गरे ।


२१ छोराले तिनलाई भन्यो,‘बुबा, मैले स्वर्गको विरुद्धमा र
तपाईको दृष्टिमा पाप गरेको छु । म फेरि तपाईको छोरा
भनिने योग्यको छैनँ ।’

२२ “तर बाबु चाहिँले आफ्ना कमाराहरुलाई भने, ‘झट्टै सबैभन्दा
असल वस्त्र ल्याएर यसलाई पहिराइ देओ । त्यसको हातमा
औंठी, र खुट्टामा जुत्ता लगाइदेओ, २३ र पुस्टाईराखेको पशु मार,
र हामी खाएर आनन्द मनाऔं । २४ किनकि यो मेरो छोरा
मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको
छ । तब तिनीहरु आनन्द मनाउन लागे ।

२५ “त्यसबेला तिनको जेठो छोरो खेतमा थियो, र त्यो घरको
नजिक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो । २६ त्यसले
चाकरहरु मध्ये एउटालाई आफूकहाँ बोलाएर ‘यो के भइरहेछ ?’
भनेर सोध्यो ।

२७ त्यसले त्यसलाई भन्यो, ‘तपाईका भाइ आइपुगे, र तपाईका
पिताले पालिराखेको मोटो पशु मार्नु भयो । किनकि उहाँले
तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेटाउनु भयो । २८ तर
त्यो रिसायो, र भित्र जान मानेन र, त्यसको बाबुले बाहिर
गएर त्यसलाई मनाउन लागे ।

२९ तर त्यसले बाबुलाई भन्यो, ‘हेर्नुहोस्, यतिका वर्ष मैले
तपाईको सेवा गरिरहेको छु, अनि तपाईको आज्ञा कहिल्यै
उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरुसँग आनन्द मनाउन
तपाईले मलाई एउटा पाठो पनि कहिल्यै दिनु भएन । ३० तर
तपाईको सम्पत्ति वेश्याहरुसँग उडाउने यो तपाईको छोरो आउँदा
चाहिँ तपाईले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नु भयो
। ३१ तब तिनले त्यसलाई भने, ‘छोरा, तँ त मसँग सधैंभरि
छँदैछस्, अनि मेरो सबै सम्पत्ति तेरै हो । ३२ तर हामीले
आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो
भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र
पाइएको छ ।”



येशूले दृष्टान्तको प्रयोग गरेर चेलाहरुलाई सिकाउनूभयो ।

## अध्याय एक

# दृष्टान्तहरु

तपाईले सबैभन्दा ठूलो प्रश्नहरुको उत्तर तपाईको जीवनमा कहिले पाउनु भएको छ, सायद त्यो ठूलो प्रश्न हो :"परमेश्वरको अधीनमा भएको जीवनले म जे गर्छु त्यसलाई कसरी प्रभाव पार्छ ?" जे भए पनि, परमेश्वर मालिक हुनुहुन्छ । उहाँ संसार, ब्रहमाण्ड, भविष्य, अनन्तको मालिक हुनुहुन्छ । परमेश्वर सम्पूर्ण कुराको मालिक हुनुहुन्छ । जब तपाई कसरी परमेश्वरसँग रहन सक्छौ भनेर थाहा पाउनु हुन्छ र पापहरु क्षमा गरिएका र मनमा शान्ति भएको अनुभव गर्नुहुन्छ, जीवनमा अरु सम्पूर्ण बाँकी कुराहरुमा आशिष हुनेछ । येशूले भन्नुभयो,

“तर परमेश्वरको राज्यको खोजी गर, र यी सबै कुराहरु पनि तिमीहरुलाई दिइनेछन ।” (लूका १२:३१) एउटा तरिकाले येशूले मानिसहरुको प्रश्नको उत्तरहरु दिन कथा भनेर सहायता गर्नु भएको थियो जसलाई दृष्टान्त भनिन्छ । उहाँले केही कुरा यसरी भन्नु हुन्थ्यो, “परमेश्वरको राज्य यो जस्तै छ ।” तब उहाँले मानिसहरुको परिस्थिति उनीहरुको कार्यहरु, पारिवारिक उन्नति, जीवनको रहनसहनको बारेमा उनीहरुले अनुभव गर्न सक्ने कथा भन्नू हून्थ्यो । किनकि येशूले कुराकानी गरेका मध्ये धेरै जस्तो कृषकहरु थिए, उहाँले केही कथाहरु बीउ छर्ने र भेडा बगालको बारेमा भन्नूभयो । अरु कथाहरु मालिकहरु र नोकरहरु अथवा तिनीहरुका छोराछोरीले कार्य गर्ने तरिकाको बारेमा थिए । सम्पूर्ण यी दृष्टान्तहरुको अर्थ मानिसहरुलाई कसरी हाम्रो जीवनमा परमेश्वरको कार्यद्वारा निर्देशित हुन्छ भन्ने बुझाउनु हो ।

केही कारणले गर्दा परमेश्वरको नेतृत्व मुनि मानिसहरुको जीवनको बारेमा सिकाउन येशूले दृष्टान्त प्रयोग गर्नु भयो । सर्वप्रथम, तपाई कहिले पनि परमेश्वरलाई देख्न सक्नु हुन्न, तपाई कसरी सिक्नु हुन्छ कि तपाईको जीवन येशूको अधिनमा छ ? येशूले भन्नु भएका दृष्टान्तहरु मानिसहरुले सजिलैसँग देख्न र बुझ्न सक्ने बारेमा थिए र तब तिनीहरुले कथाको सत्यतालाई परमेश्वरको प्रभाव मुनिको जीवनले कसरी कार्य गर्छ भन्ने कुरा व्यवहारमा लागू गर्दथे ।



येशु हाम्रो असल गोठालो हूनूहून्छ ।

१. तपाईले समाना गर्नु पर्ने सबैभन्दा ठूलो प्रश्न, कसरी............. ...........मुनिको ...........कार्य गर्दछ ?

२. परमेश्वरलाई बुझ्ने कुराको एउटा समस्या तपाईले उहाँलाई............नसक्नु हो ।

३.परमेश्वरको नेतृत्व मुनिको जीवन कस्तो हुनेछ भनेर सिकाउन येशूले ............को प्रयोग गर्नुभयो ।

४. येशूको कथाहरु कृषकहरुले ...........लगाउने बारेमा अथवा..........को बगालको बारेमा अथवा कामदार र तिनीहरुका..................को बारेमा वा अभिभावक र तिनीहरुका.............को बारेमा हुन्थे ।


(पेज नं.११ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस् ।)

येशूले दृष्टान्त प्रयोग गर्नुको अर्को कारण कहिले काँही येशूले हामीलाई जे सिकाईरहनु भएको छ त्यो हामीलाई बुझाउन बूझाउनको लागि हो ।
“परमेश्वरको कार्यद्वारा कसरी जीवन डोऱ्याएको हुन्छ ?” भन्ने प्रश्नमा मानिसहरुको उत्तर प्राय गरेर यस्तो हुन्छ “तपाईले सबै समय साँच्चै धर्मीको व्यवहार गर्नु पर्छ” वा तपाईले ठीक जीवन जिउनको लागि उत्तम कोशिस गर्नु पर्छ वा तपाईले नियमित मण्डलीमा जानु पर्छ हत्या, व्यभिचार जस्ता दृष्ट कुरा गर्नु हुँदैन ती उत्तरहरु जो गर्नु पर्ने हुन्छ त्यसलाई

बाइबलमा “व्यवस्था” भनेर भनिन्छ । व्यवस्था भनेको तपाईले के गर्नु पर्दछ र तपाईले के गर्नु पर्दैन र तपाईले आज्ञा पालन गर्नु भएन भने तपाईलाई के हुनेछ भन्ने विवरण हो । मानिसहरु प्राय: विचार गर्छन कि परमेश्वरको अधीनको जीवनमा हुनु भनेको परमेश्वरको व्यवस्था पालन गर्ने केही कुरा हो ।

तर त्यस प्रकारले यसले कार्य गर्दैन भनेर बाइबल भन्दछ । “तर अब व्यवस्था विनै परमेश्वर बाट आउने धार्मिकता प्रकट भएको छ । त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरुले दिएका छन् । येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ किनभने केही भेद छैन ।” रोमी ३:२१,२२ । येशुले हाम्रो लागि जे गर्नूभयो त्यसकारणले परमेश्वरले हामीलाई प्रेम गर्नूहुन्छ र स्वीकार गर्नूहून्छ। हामीले परमेश्वरको लागि केही गरेको कारणले होइन । परमेश्वरसितको जीवन हामीले केही गरेर परमेश्वरलाई हामीलाई स्वीकार गर्न लगाएको कारणले भएको होइन ।जब हामी येशु हाम्रो लागि मर्नू भएको कारणले परमेश्वरले हामीलाई पहिल्यै स्वीकार गरि सक्नू भएको छ भन्ने जान्दछौ र परमेश्वरसितको जीवन हूँदछ ।

मानिसहरुले उहाँमा हामीलाई जीवन दिने परमेश्वरको तरिकाको बारेमा बाइबलले भनेको सुन्दछन र



परमेश्वरले मोशालाई दश आज्ञा दिनूभयो ।

तिनीहरु प्राय: सोच्दछन, "हो, तर त्यो साधारण अथवा सरल हुन सक्दैन । परमेश्वरले मलाई स्वीकार्नको लागि त्यहाँ मैले गर्नू पर्ने केही कुरा अवश्य छ" यो सम्पूर्ण कुरा थाहा पाउनको लागि सहायता गर्न, येशूले एउटा मानिसको बारेमा दृष्टान्त भन्नुभयो जसको दुइवटा छोराहरु थिए तिनीहरु एक अर्का भन्दा फरक थिए । त्यो मानिसले सम्पूर्ण हृदयले ती दुइ छोराहरुलाई प्रेम गर्दथ्यो र स्वीकार्दथ्यो, तर कुनै पनि छोराले यसको अर्थ राख्छ भन्ने भरोसा गरेनन् । यो दृष्टान्त लूका १५:११ ३२ मा लेखिएको छ ।

कहिले काँही यो दृष्टान्तलाई "हराएको छोराको दृष्टान्त" भनेर भनिन्छ । यस पुस्तकमा हामी यसलाई "टुक्रिएको हृदय भएको बुबाको दृष्टान्त" भनेर भन्नेछौं । जस्तो  यो कथा तपाईले पढनु भयो कथा जान्नलाई सरल छ कि पिता भनेको परमेश्वर हुनुहुन्छ । सावधान हुनुहोस् र हेर्नुहोस यस कथाको पिता तपाईले परमेश्वरको बारेमा जस्तो सोच्नु भएको छ त्यस्तै छ वा तपाईले सोच्नु भएको भन्दा फरक

पेज नं. ८ का उत्तरहरु: १.जीवन, परमेश्वरको प्रभाव; २. हेर्नु; ३. दृष्टान्तहरु; ४.अन्न बाली, भेडाहरु, मालिकहरु, केटाकेटी

छ । सावधान हुनुहोस् र हेर्नुहोस यदि तपाई ती दुइ छोराहरु मध्ये कुनै एक जस्तो हुनु हुन्छ वा ती दुवै जस्तो हुनुहुन्छ । पिताले आफ्ना दुइ छोराहरुलाई प्रेम गरेको र स्वीकार गरेको कुरा बाट तपाईलाई परमेश्वरको प्रेममा भरोसा गर्न र तपाईको स्वीकार्यको बारेमा जान्न सहायता गर्नेछ ।

५. मानिसहरुले परमेश्वरलाई बुझ्ने अर्को समस्या तिनीहरु विचार गर्छन कि जति असल प्रकारले तिनीहरु ...................पालन गर्दछन त्यति नै परमेश्वरसितको जीवन हुन्छ ।

६. बाइबलले भन्छ कि परमेश्वर तपाईलाई ..............गर्नु हुन्छ र तपाईलाई ...........गर्नु हुन्छ किनकि येशुले तपाईको लागि जे गर्नुभयो जब उहाँ क्रूसमा...........भयो ।

७. यस दृष्टान्तको पिताले...................कस्तो हुनुहुन्छ भन्ने विचार दिन्छ र छोराहरुले ...........कस्तो छ भन्ने विचार दिन्छ ।

(पेज नं.१४को तल हेरी तपाईका उत्तरहरु जाँच गर्नुहोस् ।)

# अध्याय एकको पुनरावलोकन

हामीले सिक्नु पर्ने महत्वपूर्ण कुरा परमेश्वरको नेतृत्व मुनिको जीवनले कसरी काम गर्छ भन्ने हो । तर हामी परमेश्वरलाई देख्न नसकेको कारणले उहाँलाई बुझ्न कठिन छ । हामीलाई सहायता गर्नका लागि येशूले कथा भन्न मन पराउनु हुन्छ जसलाई दृष्टान्तहरु भनिन्छ, हामीले देख्न सकिने कथाहरु खेतीपाति अथवा मानिसहरुको बीचको सम्बन्धको बारेमा थिए । उहाँले हामीलाई कसरी जीवनले परमेश्वरसँग कार्य गर्छ हामी देख्न सक्दैनौ भन्ने विचार दिन यो गर्नुभयो ।

अर्को कारण हामीलाई बुझ्न कठिन पर्छ कसरी परमेश्वरसँगको जीवनले कार्य गर्छ हामी परमेश्वरको प्रेम र रेखदेखलाई हामीले असल जीवनद्वारा कमाउन सक्छौ भनेर विचार गर्न चाहन्छौ । जब कि हामीले कुनै योग्य काम, असल कुरा जो हामीमा छ सो विना नै केही नगरेर कसरी उहाँले प्रेम गर्नुहुन्छ भनि हामीलाई बुझ्न गाह्रो छ । केही येशूका दृष्टान्तहरु बाट, जस्तो टुकिएको हृदय भएको बुबा, यसबाट परमेश्वरको प्रेमलाई बुझ्न सहायता पुग्छ र हामीले कुनै मागहरु पूरा नगरेर; अथवा कुनै असल कार्य नगरि नै परमेश्वरले हामीलाई प्रेम गर्नु भयो । परमेश्वरले हामीलाई स्वीकार गर्नुभयो किनभने येशू हाम्रो पापको लागि मर्नु भयो ।

# अध्याय एकको जाँच

ठीक अथवा बेठीक ? ठीक विवरणमा ✓ चिन्ह लगाउनुहोस र बेठीक विवरणमा × चिन्ह लगाउनुहोस् ।

१. ............ तपाई परमेश्वरलाई देख्न सक्नु हुन्न ।

२. ............ प्राय: मानिसहरु यसरी विचार गर्छन कि यदि तिनीहरुले ठीक सँग जीवन बिताएनन् भने परमेश्वरले तिनीहरुलाई इन्कार गर्नुहुन्छ ।

३. ............ परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र स्वीकार गर्नुहुन्छ किनकि येशूले जे गर्नुभयो उहाँ हाम्रो लागि मर्नु भयो ।

४. ............ यदि तपाईले धेरै धार्मिक जीवन जिउनु भएन भने तपाई बचाइनु हुनेछैन ।

खाली ठाउँ भर्नुहोस् ।

५. ................सँगको जीवन बुझ्नलाई सहायता गर्न येशूले भन्नुभएको कथाहरुलाई ................भनिन्छ ।

| |
|---|
| पे.नं. १२ का उत्तरहरु |
| ५.व्यवस्था, ६.प्रेम,स्वीकार,मर्नूभयो, ७.परमेश्वर, हामी |


६. तपाईले के गर्नु पर्दछ र तपाईले के गर्नु पर्दैन र तपाईले आज्ञा पालन गर्नु भएन भने तपाईलाई के हुनेछ भन्ने नियमहरुलाई ............... भनिन्छ ।

७. येशूले भन्नु भएका केही कथाहरुले परमेश्वर बाट...............हुनको लागि हामीले केही पनि ..............पर्दैन भन्ने कुरा बुझ्न सहायता गर्छ ।

८. यो कथा............को बारेमा हो जसका दुइ ..........थिए ।

९. पिताले आफ्ना छोराहरुलाई ............गर्दछ भन्ने तिनीहरुले ...............गरेको चाहन्थ्यो ।

(पेज नं.७१ मा हेरेर तपाईका उत्तरहरु जाँच्नूहोस्)



परमेश्वरको योजना हामीलाई वचाउनू हो ।

## अध्याय दुइ

# गृह त्याग

तपाईले कहिल्यै ख्याल गर्नु भएको छ त्यही मानिस जसलाई तपाई सब भन्दा धेरै प्रेम गर्नु हुन्छ त्यसले तपाईलाई सब भन्दा धेरै चोट पुऱ्याउँछ ? तपाईलाई सब भन्दा बढी प्रेम गर्ने मानिसलाई तपाईले चोट पुऱ्याएको हुन सक्छ । यो वास्तविक प्रेमको बारेमा डर लाग्दो कुरा हो, यसले तपाईलाई चोट पाउनको लागि खुल्ला छोड्छ ।

बाइबलले भन्छ कि परमेश्वर तपाईलाई प्रेम गर्नुहुन्छ । उहाँलाई राम्ररी थाहा छ कि तपाईलाई प्रेम गर्नुको अर्थ तपाई द्वारा चोट पाउनु हो । जे भए पनि उहाँले यो गर्नुभयो । जहाँ देखि येशूको दृष्टान्त शुरु हुन्छ :

उहाँले भन्नुभयो, “कुनै मानिसका दुइ छोरा थिए । कान्छा चाहिंले बाबुलाई भन्यो, पिताज्यू, मेरो भागमा पर्ने धन सम्पत्तिको हिस्सा मलाई दिनुहोस् ।” तब तिनले आफ्नो सम्पत्ति तिनीहरुलाई बाँडिदिए । धेरै दिन बित्दा नबित्दै सबै धन सम्पत्ति बटुलेर कान्छो छोरो टाढा देशमा गयो, र त्यहाँ भोग विलासमा आफ्नो सम्पत्ति उडायो” लूका १५:११ १३ ।

हेर्नुहोस् कति ज्यादा ती केही शब्दहरुले कान्छो छोरा र उसको बुबा कस्तो थिए भन्ने बारेमा भन्दछ ।

यहाँ कान्छो छोराले जे गर्‍यो त्यो प्रेम रहित थियो । सब भन्दा पहिले, तुरुन्तै उसले पैतृक सम्पत्तिको माग गर्‍यो । त्यो कुनै व्यक्तिले आफ्नो बुबासँग केही पैसा मागेको भन्दा धेरै ज्यादा हो । यो त्यो भनेको जस्तै हो, “म चाहान्छु तपाई मरेको भए हून्थ्यो ।” बुबाले उसले मागेको कुरा छोरालाई दियो । सम्पत्तिको एक भाग अब कान्छो छोराको भयो । अब त्यो साझा सम्पत्ति थिएन । कान्छो छोराले “हाम्रो” सम्पत्ति भनेर भनेन; उसले अब “मेरो” भन्यो । तब कान्छो छोरा घरबाट निस्क्यो र सम्पत्ति बेच्यो अनाज र जनावरहरु जो उसको परिवारद्वारा हिस्सा परेको थियो अब ती अर्कैको हातमा थिए ।

जनावर र सम्पत्ति बेचेर प्राप्त पैसा सँगै कान्छो छोराले घर छोड्यो, उसले आफ्नो बुबा र दाज्यूलाई स्पष्ट पार्‍यो कि उ आफ्नो परिवारको निरिक्षण बिनाको जीवन जिउन चाहन्थ्यो र त्यो जीवनको अर्थ उसको लागि उनीहरुले गरेको भन्दा बढी थियो । उ तिनीहरुको जीवन बाट छुट्टिएर निस्किन्छ फेरि उसलाई देख्नेछन भन्ने कुनै कारण थिएन ।

तपाई यो कल्पना गर्न सक्नुहुन्छ वा अन्दाज गर्न सक्नुहुन्छ यो अवधिमा बुबाले कस्तो अनुभाव गर्‍यो होला । उनी अन्यौलमा थिए । उनको मिश्रित विचार भएको थियो । “तिमी हामीसँग यो के गरिरहेछौ ?” “ती मानिसहरु उनको सम्पत्तिमा के गरिरहेका थिए ?” “मैले मेरो छोरालाई जीवनभरि माया दिएको थिए, उसले मलाई यसरी घृणाले हेर्‍यो । र अहिले उ गयो ।”

१. जब कान्छो छोराले उसको हिस्साको ..................को तुरुन्तै भाग गर्‍यो, यो उसको बुबालाई त्यो भनेको जस्तो हो, “ म चाहन्छु तपाई............भए हूने थियो ।”

२. कान्छो छोराले उसको ...................को बारेमा भन्दा आफ्नो असल समयको बारेमा बढी वास्ता गर्‍यो ।

३. जब कान्छो छोराले उनलाई छोड्यो उसको बुवाले सोचिरहेको मुख्य कुरा............थियो ।

(पेज नं.२२ को तल हेरी आफ्नो उत्तरहरु जाँच गर्नुहोस् ।)

तर याद राख्नुहोस उनको छोरा घर छोडिरहेकोमा उसलाई रोक्न उनले के गरे : केही पनि गरेनन् । उनले उसलाई रोक्न कर गरेनन् । यदि उनको प्रेमले उनको छोरालाई उसलाई रोक्न सकेन भने अन्य कुनै तरिकाले बुबाले आफ्नो छोरालाई रोक्न चाहेन । बुवाले आफ्नो छोरालाई डर देखाएन अथवा घरमा रहनको लागि मौका दिएन अथवा कुनै प्रकारले सम्पत्तिको बिक्रीमा रोक लगाएनन् । उसले आफ्नो छोराको श्रमको चाहना गरेनन् अथवा छोराको उपस्थिति मात्रको चाहना गरेन उसले आफ्नो छोराको प्रेम चाहेको थियो ।

यर्मिया २९:११, मा बाइबल भन्दछ, "जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरुका उन्नतिको निम्ति हुन्, नोक्सनीका निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई ।" के तपाई आफै कान्छो छोरा जस्तो देख्नुहुन्छ ? परमेश्वरको प्रेम र आशाहरु र तपाईको लागि योजना हुँदाहुँदै तपाईले वेवास्ता गर्नु भएको छ ? तपाईले आफै असल गर्न सक्छ भन्ने सोच्नु भएको छ, जस्तो कि त्यो कान्छो छोराले

उसको आफ्नो बुबा उसप्रतिको प्रेम, आशा र योजनाहरु हुँदाहुँदै उसले व्यवहार गरेन ?

मानिसहरु प्राय जसो तिनीहरु आफैले र अरुहरुले स्वार्थको कारणले तिनीहरुमाथि ल्याएका सबै पीडाहरुलाई हेर्ने गर्दछन, मूर्ख चाहना । उनीहरु भन्छन "किन परमेश्वरले मलाई रोक्नु भएन ?" कारण यही हो परमेश्वर यो कथामा भएको पिता जस्तै हुनुहुन्छ । उहाँ हामीलाई प्रेमले सामत्न चाहनु हुन्छ तर करले होइन । उहाँले हाम्रो हृदय चाहानु हुन्छ तर हाम्रो व्यवहार र हाम्रो जिउने तरिका मात्र होइन ।

यदि हामी उहाँको प्रेमलाई प्राप्त गर्न चाहिरहेका छैनौ भने, हामीले उहाँको प्रेमलाई प्राप्त नगरुञ्जेल उहाँ पर्खनको लागि धैर्य हुनुहुन्छ । बाइबलले इजकिएल २०:३९ मा भन्दछ, "हे इस्राएलका घराना, परमप्रभु परमेश्वर तिमीहरुलाई यसो भन्नुहुन्छ : जाओ तिमीहरु हरेकले आ आफ्नो मूर्तिहरुलाई पूज । तर तिमीहरुले निश्चय नै मेरो कुरा पछि सुन्नेछौ, तिमीहरुले मेरो पवित्र नाउँलाई आफ्ना उपहारहरु र मूर्तिहरुले फेरि कहिल्यै अपवित्र गर्नेछैनौ ।"

परमेश्वरले मानिसहरुलाई उहाँसँग सम्बन्ध राख्न कर गर्नु हुन्न । उहाँले मानिसहरुलाई तिनीहरुले जे गर्ने

विचार गर्छन त्यो गर्न दिनु हुन्छ । जब तिनीहरुलाई साँच्चिकै परमेश्वरको प्रेमको आवश्यकता छ भन्ने थाहा पाउँदछन, उहाँ तिनीहरुलाई प्रेम गर्न त्यहाँ हुनुहुन्छ ।

४. बुबाले आफ्नो छोरालाई घरमा राख्न..............लगाउनु भएको थिएन ।

५. यद्यपि परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो लागि उहाँसँग ठूलो योजना छ, कहिले काँही हामी...........स्वयम्..........गर्न सक्छौ भनेर विचार गर्दछौ ।

६. परमेश्वर हामीलाई उहाँको...........मा राख्न चाहनु हुन्छ,...........होइन ।

७. यदि हामी परमेश्वरको ...............प्राप्त गर्नलाई चाहिरहेका हुँदैनौ भने, उहाँ हामीलाई पर्खिरहन................हुनुहुन्छ ।

(पेज नं.२४को तल हेरी आफ्नो उत्तरहरु जाँच गर्नुहोस् ।)

पेज नं. १९-२० को उत्तरहरु : १.पैतृक सम्पत्ति, मृत; २.पिता; ३.दु:ख



परमेश्वरले पत्रूसलाई सहायता गर्न स्वर्गदुतलाई पठाए ।

# अध्याय दुइको पुनरावलोकन

येशूले हामीलाई यो बुझेको चाहनुहुन्छ कि जब हामी परमेश्वरबाट टाढा जान्छौ, उहाँको हृदय टुट्छ, र उहाँ दुखित हुनुहुन्छ । तब परमेश्वर बेखुशी हुनुहुन्छ र उहाँको हृदय दुख्छ । तब येशूले एउटा कथा शुरु गर्नुभयो एक मानिस जसको कान्छो छोराले उसको बुबाको मृत्यु हुनु भन्दा अगाडि नै पैतृक सम्पत्ति माग्यो । यसले पितालाई यो जानकारी गऱ्यो कि उसको छोराले आफ्नो बुबामाथि भरोसा राखेको थिएन अथवा उसको बारेमा केही फिक्री गरेको थिएन ।

यो छोराले आफ्नो पैतृक सम्पत्तिलाई बेचेर टाढा देशतिर लाग्यो, जहाँ उसले आफ्नो सारा समय खर्च गऱ्यो र पैसालाई भोजभतेरमा उडायो । उसको बुबाले उसलाई घरमा रोक्नको लागि कर लगाउने कोशिस गरेको थिएन । बुबाले आफ्नो छोरालाई आफ्नो पिताको प्रेममा भरोसा गरेर घरमा रहेको चाहन्थ्यो तर उ बस्नै पर्ने भएर होइन ।

जब कहिल्यै हामी हाम्रो तरिकाबाट जीवन जिउन कोशिस गर्छौं र परमेश्वरको बाटो अपनाउदैनौ, यसले हामीलाई यो देखाउँछ कि हामी परमेश्वरको हेरचाहको बारेमा अथवा हाम्रो लागि सर्वोत्तम के हो भन्ने बारेमा हामी परमेश्वरलाई भरोसा गर्दैनौ । परमेश्वर उहाँकहाँ फर्केर आउन बाध्य तुल्याउनु हुन्न । जब सम्म हामी यो जान्दैनौ कि हाम्रो आवश्यकता उहाँ नै हुनुहुन्छ र हामी उहाँको प्रेमलाई प्राप्त गर्न चाहिरहेका छौ तब सम्म उहाँ पर्खाइमा धैर्य हुनुहुन्छ ।

| |
|---|
| पेज नं.२२ को उत्तरहरु : ४. कर ५. राम्रो, आफ्नो<br>६. प्रेम, बाध्य ७. प्रेम, धैर्य |

# अध्याय दुइको जाँच

ठीक उत्तरमा चिन्ह लगाउनुहोस् ।

१. जब हामी परमेश्वरबाट टाढा हून्छौँ,

...........क. उहाँले फिक्री गर्नु हुन्न ।

...........ख. यसले उहाँको हृदय टुकिन्छ ।

...........ग. उहाँले आफू कहाँ फिर्ता ल्याउन बाध्य तुल्याउनुहुन्छ ।

२. यर्मिया २९:११ ले भन्दछ, “जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ, म चाहन्छु कि ती तिमीहरुका उन्नतिको निम्ति हुन;

...........क. तिम्रो असल व्यवहारले इनाम र खराब कामले दण्ड हो ।”

...........ख. जब सम्म तिमी सबै थोक मेरो इच्छा अनुसार गर्दैनौ तब सम्म टुकिन्छ ।”

...........ग. सफलतामा रमाऊ, “म तिमीहरुलाई नोक्सान गर्ने योजना बनाउदिन ।”

३. परमेश्वरले हामीलाई कर लगाएर समात्न चाहनु हुन्न । उहाँले हामीलाई.............द्वारा चाहनुहुन्छ :

...........क. उहाँको प्रेम ।

...........ख. उहाँसँग रहन प्रतिज्ञा गरेर ।

...........ग. छनौट गर्ने हाम्रो दक्षतालाई हटाएर ।

४. येशूको कथाको कान्छो छोराले जब घर त्याग्यो, यसले उसको बुबालाई दु:खित तुल्यायो कारण :

...........क. उनले थाहा पाए कि उनको छोराले उनमाथि भरोसा राखेको थिएन ।

...........ख. उनले एउटा कामदारलाई गुमाएको थियो ।

...........ग. यसले उनलाई एउटा दुष्ट बुबा जस्तै बनाएको थियो ।

५. जब येशूको कथाको बुबाले उनको कान्छो छोराले उसको भागको सम्पत्ति बेच्दैछ र जाँदैछ, भन्ने थाहा पाए तब उनले :

...........क. के उनले अदालत गएर उसलाई घरमा रोक्ने कोशिस गरे ।

...........ख. छोरालाई हपारे र उसलाई धम्की दिए ।

...........ग. उसले जे गर्ने निर्णय गरेको थियो उसलाई रोकेनन् ।

६. जब हामी आफ्नै इच्छा अनुसार गर्छौं र परमेश्वरको मार्गलाई इन्कार गर्छौं, यसको अर्थ हामी :

...........क. भ्रमित हुन्छौ र अनजान हुन्छौ ।

...........ख. नरक जानेछौ ।

...........ग. परमेश्वरले हामीलाई, प्रेम गरेको र हाम्रो लागि सर्वोत्तम चाहनालाई भरोसा गर्दैनौ ।


७. यदि हामी परमेश्वरको प्रेमलाई प्राप्त गर्न चाहादैनौ भने परमेश्वर :

...........क. हामीलाई प्रेम गर्न रोक्नु हुन्छ ।

...........ख. जब सम्म हामी उहाँलाई चाहन्छौ उहाँ पर्खन धैर्य गर्नु हुन्छ।

...........ग. उहाँलाई विश्वास गर्न बाध्य गर्नु हुन्छ ।

(पेज नं.७१मा हेरेर तपाईका उत्तरहरु जाँच्नूहोस्)



येशुले हाम्रा पापहरुको लागि दण्ड भोग्नूभयो ।

## अध्याय तीन

# छोराको सबभन्दा खराब दिनहरु

मानिसहरु जो दुर्व्यसनी पुरुष र स्त्रीलाई तिनीहरुको लागू औषधको कूलतमा छन् तिनीहरुलाई ठीक पार्न सहायता गर्ने कोशिस गर्छन तिनीहरु "चट्टानको फेदीमा हिर्काउने" बारे कुरा गर्दछन । "चट्टनको फेदी" दुर्व्यसनीको जीवनमा त्यो समय हो जब उसले थाहा पाउँछ :

"मेरो दुर्व्यसनले गर्दा मैले मेरो हरेक कुरा वास्तविक मूल्य अथवा मेरो आवश्यकता गुमाउन गइरहेछु.......अथवा हुनसक्छ, "मेरो दुर्व्यसनीको कारणले मैले अघि नै मेरो जीवनको आवश्यक कुरा गुमाईसकेको छु ।" आशा पूर्वक, जब एउटा व्यक्तिले "चट्टानको फेदीमा" प्रहार गर्छ उसले दुर्व्यसन बाट राम्रो हुने केही कुरा व्यक्त गर्छ तिनीहरु दुर्व्यसनबाट राम्रो भएको बारेमा : "एउटा निर्मल क्षण ।"

त्यसको अर्थ “म ठूलो संकष्टमा छु, भन्ने थाहा पाउनु मात्र होइन यो यसप्रकारले हुनु हुँदैन थियो ।” भन्ने थाहा पाउनू पनि हो ।

यद्यपि तपाई एउटा दुर्व्यसनी हुनुहुन्न, तपाईसँग त्यस्तो प्रकारको अनुभव हुन सक्छ । सायद तपाई यस्तै कुनै कुरा बाट गुज्रिदै हुनुहुन्छ । यसले तपाईलाई अप्ठयारो महसुस गराउनेछ । तर यो वास्तवमा आशिष हो । येशूको दृष्टान्तमा, कान्छो छोरा कुनै दुर्व्यसनीमा हुन सक्दैन, तर उ ती दुवै अनुभवबाट आशिषित थियो : “चट्टानको फेदीमा प्रहार” र “एउटा निर्मल क्षण ।” उसँग भएको सारा कुरा समाप्त गर्‍यो । तब सारा देशमा अनिकाल भयो । छोरा सँग आवश्यक भएको केही छैन । उ त्यो देशको कुनै व्यक्ति कहाँ कामको लागि गयो र उसले त्यसलाई सुँगुरहरु चराउने कार्यमा पठायो । छोराले उसको आफ्नो पेट सुँगुरहरुले खाईरहेको खानाले भर्न चाहन्थ्यो तर कसैले पनि उसलाई केही थोक दिदैनथे ।

‘तब उसले स्पष्टतया फेरि सोच्न शुरु गर्‍यो । उसले भन्यो, ‘मेरा बाबुका धेरै ज्यालादारी चाकरहरु भरपेट खाएर उर्बाने गर्छन्, तर म चाहिँ भोकले मरिरहेछु । म उठेर आफ्ना बाबु कहाँ जानेछु, र उहाँलाई भन्नेछु, “बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु । अब उपरान्त म तपाईको

छोरा भनिने योग्यको छैन । मलाई तपाईका ज्यालादारी चाकरहरु मध्ये एउटा सरह तुल्याउनुहोस् ।" तब त्यो उठेर आफ्ना बुबाकहाँ गयो (लूका १५:१८ २०)

कान्छो छोराले उसले जे गरेको थियो मन नपराउने बलियो अनुभव गऱ्यो । लामो समय सम्म उसले सोच्यो । "यदि म आफ्ना बुबाबाट अलग भए भने म आफूले चाहेको जीवन जिउन योग्य हुनेछ, र हरेक कुराहरु ठीक हुनेछन ।" त्यसैले अब उ, आफ्नो बुबाबाट टाढा थियो, तर हरेक कुराहरु असल हुनका लागि टाढा थिए । खुशीयाली, जीवनलाई रेखदेख गर्ने स्वतन्त्रता र पैसा सबै कुरा समाप्त भइसकेका थिए । जुन उसले साथीहरु बनाई राखेको थियो जो पहिले उनीहरुलाई पिउन र मोजमस्तीको लागि पैसा खर्च गर्थ्यो अहिले कोही पनि उसको साथमा छैनन् । अहिले उ यहाँ सम्म कि सुत्ने बस्ने ठाउँको भाडा अथवा खाना किन्न सक्दैनथ्यो ।

र काम पनि भेटाउन गाह्रो थियो । उसले एउटा काम मात्र भेटाएको थियो, जो सुँगुरहरुको रेखदेख गर्नु थियो, जसले उसलाई वास्तवमा लज्जीत तुल्यायो जब कि उ एउटा धनी परिवारमा हुर्के बढेको मानिस थियो । यो असल थिएन, र तब उसले सुँगुरहरुको खाना हेर्न शुरु गऱ्यो र गम्भीर पूर्वक

यसको बारेमा सोच्न बाध्य भयो भोकलाई शान्त गराउदै, यसले उसलाई आफैसँग सोध्ने बनायो; "मेरो जीवनमा के गलत छ ?"

उसले विचार गर्न शुरु गऱ्यो, "मैले के गरेको छु ? यद्यपि उसले बुबाको घरमा रहँदा धेरै कुराहरु उसलाई मन परेको थिएनन् कम्तिमा कोही कहिल्यै भोकै रहेका थिएनन् । उसले थाहा पायो कि उसको घमण्डले मात्र उसलाई घर फिर्ता हुन देखि रोकि रहेको थियो । उसको घमण्डले उसलाई खुवाई रहेको थिएन । उसले घरजाने बारेमा सोच्न थाल्यो । तपाईले आफ्नो जीवन टाढा फाल्नु भएको छ भनि थाहा पाउदा धेरै दु:ख हुन्छ; कि तपाईको उज्वल विचार र ठूलो योजनाहरु मूर्खतामा परिवर्तन हुँदैछ; अथवा तपाईको मष्तिस्क, शक्ति, र खुशीयाली जे हुनु पर्ने हो त्यो कहिल्यै पनि हुनेछैन । तीन वटा भन्न एकदमै गाह्रो शब्दहरु यहाँ छन, "म गलत थिए," यद्यपि तपाईले यी शब्दहरु आफैसँग भन्नु भयो भने पनि यसले तपाईको अभिमानमा चोट पुऱ्याउँछ । बाइबलले जब "पश्चात्ताप" को बारेमा बताउँछ त्यो यही भाग हो । "पश्चात्ताप" शब्दको अर्थ "तपाईको सोच्ने तरिकामा परिवर्तन हुनु हो ।" एउटा व्यक्तिले आफ्नो गर्नु पर्ने परिवर्तनले "म जीवनलाई समाल्न सक्छु" भन्ने सोचाई बाट "म यर्थातमा मेरो जीवन गुमाई रहेको छु" मा आउनु हो ।



पूरानो नियमका घमण्डी मानिसहरुले धरहरा बनाउने कोशिष गरे ।

त्यो परिवर्तनको सोचाई विना एउटा व्यक्ति आफ्नै तरिका र बाटोहरुमा उसले आफै खनेको खाल्डो बाट बाहिर निस्किन अगाडि बढिरहेको हुन्छ र सफलता प्राप्तिको कार्य वरवादीतिर लान्छ । यसकारणले बाइबलले पश्चात्तापलाई परमेश्वरबाटको वरदान हो भन्दछ, उदाहरणका लागि प्रेरित ५:३१ मा बाइबल भन्दछ, "परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरुलाई पापहरुको क्षमा दिन यसो गर्नुभयो...............।" तपाईको अभिमानलाई अघात पुऱ्याउने यो वरदान हो, तर यसले तपाईलाई भविष्यको अधिक पीडाबाट बचाउँछ ।

१. कान्छो छोराका साथीहरु र असल समयले उसलाई त्याग्यो जब उ सँग...................को अभाव भयो र उस सँग..............रेखदेख गर्ने काम थियो ।

२. कान्छो छोराले सम्झ्यो कि उसको ................. ...............निरन्तर खाना थियो


३. जब एउटा व्यक्तिले परमेश्वर विना उसले आफै जीवनलाई नियन्त्रण गर्ने कुरा सोच्न रोक्छ र यसले उसलाई बाहिर फालिरहेको छ भनि सोच्न शुरु गर्छ, त्यो सोचाइमा आउने परिवर्तन परमेश्वरबाटको ............हो बाइबलले यसलाई................भन्दछ ।

(पेज नं. ३७ को तल हेरी आफ्नो उत्तरुहरु जाँच्नुहोस् ।)

तर येशूको कथाको कान्छो छोराको अझै उसको सोचाइमा समस्याहरु छन भनेर बुझिन्छ, किनकि एउटा कुरा, उसले सोचेको थियो जब सम्म उसले बुबाको लागि केही गर्दैन तब सम्म बुवाले उसलाई घरमा आउन दिनु हुनेछैन । उसले सोच्यो उ एउटा कामदार भएर आफ्नो बुबाको खेतमा काम गर्नेछ भन्ने प्रस्ताव गर्नेछ अन्यथा उसको बुबाले ढोका भित्र प्रवेश गर्न दिनु हुनेछैन । धेरै जसो मानिसहरुले परमेश्वरको बारेमा यस्तै विचार गर्छन ।

तपाई के विचार राख्नु हुन्छ ? के तपाईले परमेश्वरको सामु कहिले प्रतिज्ञा गर्ने बनाउने कोशिस गर्नु भएको छ जो यसप्रकार छ, “मेरो जीवनबाट यो समस्या हल गरी दिनुभयो भने म कहिल्यै फेरि यो दोहऱ्याउने छैन र हरेक हप्ता म मण्डलीमा गएर आराधना गर्नेछु ?” सायद तपाई येशूको कथाको कान्छो छोरा जस्तै विचार गरिरहनु भएको छ, तपाईले सोच्नुभयो कि परमेश्वरको लागि केही गर्ने प्रस्ताव गर्नु हुनेछ अन्यथा उहाँले तपाईको लागि केही पनि गर्नु हुनेछैन ।

तपाईले कहिल्यै परमेश्वरसँग मोलतोल गर्ने कोशिस गर्नुभएको छ ताकि उहाँले तपाईलाई सहायता गर्नु हुनेछ, यसले कसरी काम गऱ्यो तपाईले मोलतोल गर्नु भएको तपाईको भागको प्रबन्ध मिलाउनु भयो ?



येशूले निकोदेमसलाई उ फेरि जन्मिनु पर्दछ भन्नुभयो।

सायद भएन । तर यसको अर्थ परमेश्वरले तपाईलाई सहायता गर्नु भएन भन्ने हो ? अवश्य नै होइन ! परमेश्वरले तपाईले असल जीवनमा रहेर असल सोचाई र कार्य गरेको कारणले परमेश्वरले तपाईलाई प्रेम, र सहायता गर्नु हुन्न । परमेश्वरले प्रेम गर्न चाहनु भएको कारणले तपाईलाई प्रेम गर्नु हुन्छ । उहाँले क्षमा दिनु हुन्छ कारण येशू तपाईको लागि मर्नुभयो । पश्चात्तापको एउटा महत्वपूर्ण भाग "तपाईको सोच्ने तरिकामा परिवर्तन गर्नु हो त्यो हो परमेश्वरले हामीलाई उहाँको प्रेम र उहाँको बारेमा सोच्ने तरिकामा परिवर्तन गराउनू आवश्यक छ । जब सम्म हामी असल तरिकाले जिउदैनौ तब सम्म परमेश्वरले मलाई प्रेम गर्नु हुन्न भन्ने कुरा सोच्न हामीले रोक्नु आवश्यक छ । हामी जस्तो अवस्थामा छौ त्यही अवस्थामा परमेश्वरले हामीलाई प्रेम गर्नु हुन्छ भन्ने कुरा विचार गर्नु आवश्यक छ ।

४. कान्छो छोराले विचार गर्‍यो उसका बुबाको लागि केही............गर्ने प्रस्ताव गर्नेछ अन्यथा उसको बुबाले उसलाई घरमा फिर्ता आउन दिनु हुनेछैन ।

पेज नं.३४ को उत्तरहरु: १.रुपिया पैसा, सुँगुरहरु;
२.बुबाको घर; ३.वरदान, पश्चात्ताप

५. जब बाइबलले भन्दछ कि परमेश्वरले हाम्रो सोचाईमा परिवर्तन दिनु हुन्छ जसलाई .............भनिन्छ यसको अर्थ यो हो कि उहाँले हामीलाई हामी ठीक प्रकारले जिउने कोशिस गर्नु पर्छ । वा उहाँले हामीलाई.............र...........गर्नु हुनेछैन भन्ने सोचाई बन्द गर्न सहायता गर्नूहून्छ ।

६. परमेश्वर हामीले विश्वास गरेको चाहनु हुन्छ कि ठीक अहिले नै उहाँको प्रेम हामीसँग छ, हामी.....................छौ ।

(पेज नं. ३९ को तल हेरी आफ्नो उत्तरहरु जाँच्नुहोस् ।)

## अध्याय तीनको पुनरावलोकन

येशूको कथामा, कान्छो छोराले जब उ सँग भएको पैसा समाप्त भयो र भोकमरिको शुरुवात भयो तब चट्टानको फेदीमा हिर्कायो । जब उसले थाहा पायो कि यदि उ आफ्नो बुबा कहाँ फिर्ता गयो भने उ भोक भोकै बस्नु पर्नेछैन उ सँग स्पष्टताको क्षण थियो । कुनै व्यक्तिले उसको आफ्नो जिइरहेको जीवनमा उसका प्रयासले काम गर्दैन भन्ने थाहा पाउँछ र उ पूर्णरुपमा अलमलमा हुनु “चट्टानको फेदीमा प्रहार” हो । बाइबलले यस्तो प्रकारको सोचाइमा परिवर्तन हूने कार्यलाई “पश्चात्ताप” भन्दछ ।

पश्चात्ताप भनेको तपाईका पापको लागि दुखित हुनु हो र येशूको कारणले तपाईका पापहरु क्षमा गर्नुहुन्छ भन्ने विश्वास गर्नु हो ।

यस कथाको कान्छो छोराले अझै उसको विचारलाई परिवर्तन गर्नु पर्ने देखिन्छ । उसले उसको विचारलाई गलत बनाई रहेको थियो कि उसको बुबाले उसलाई छोराको रुपमा ग्रहण गर्ने छैन र यदि उसले आफ्नो बुबाको घरमा काम गर्‍यो भने उसले छोरालाई बस्न दिनेछन ।

धेरै मानिसहरु यस्तै विचार गर्छन कि जब सम्म तिनीहरुले ठीक सँग जिउने प्रतिज्ञा गर्दैनन् र प्रतिज्ञा पूरा गर्नलाई कठोर परिश्रम गरेन भने परमेश्वरले तिनीहरुलाई स्वीकार्नु हुनेछैन । परमेश्वरले त्यस्तो विचारलाई परिवर्तन गर्न चहानुहुन्छ । उहाँले मानिसहरुलाई तिनीहरुले आफैलाई ठीक राख्न अन्य कुनै कुराहरु गर्नूपर्दैन भन्ने विश्वास गरेको चहानूहून्छ । उहाँ तिनीहरुलाई प्रेम गर्नुहुन्छ र उहाँ तिनीहरुका सम्पूर्ण पापहरुको लागि मर्नुभयो भन्ने विश्वास गरेको चहानूहून्छ ।

| |
|---|
| पेज नं.३७-३८ का उत्तरहरु ४.काम, ५.पश्चताप गर्नू, प्रेम, स्वीकार, ६. जस्तो अवस्थामा |

# अध्याय तीनको जाँच

पुरानो सोचाई र परमेश्वरले दिनु भएको नयाँ पश्चात्तापी सोचाईको बीचमा एउटा रेखा खिच्नुहोस् ।

| पुरानो विचारधारा | | पश्चात्तापी विचारधारा |
|---|---|---|
| १. पाप मजाकिलो र असल छ | | क. म आफै मेरो जीवन समाल्न सक्दैन |
| २. म आफै आफ्नो जीवन समाल्न सक्छु | | ख. परमेश्वर मलाई क्षमा दिनु हुन्छ कारण येशू मेरो लागि मर्नुभयो |
| ३. म आफै हेरचार गर्न सक्छु | | ग. पापले लथालिङ्ग पार्छ |
| ४. जब सम्म म असल जीवन जिउदिन तब सम्म परमेश्वर मलाई चाहनु हुन्न | | घ. मेरो रेखदेखको लागि परमेश्वरको आवश्यकता छ |
| ५. मैले पाप गर्न छोड्ने प्रतिज्ञा नगरे सम्म परमेश्वर मलाई क्षमा दिनु हुनेछैन | | ङ. म जस्तो छु त्यस्तैमा परमेश्वर मलाई प्रेम गर्नुहुन्छ । |

त्यो शब्द र वाक्यांशमा गोलो घेरा लगाउनुहोस् जसले वाक्य राम्ररी पुरा गर्छ ।

६.यदि मैले राम्रो सँग जिउनको लागि प्रतिज्ञा गर्छु भने, मलाई (परमेश्वरको) (मेरा साथीको) सहायता आवश्यक छ ।


७.कठोर शब्दहरुले भनेका छन ("म गलत थिए") ("म कठोर परिश्रम गर्ने कोशिस गरुला") ।

८.यदि म मेरा समस्याहरुलाई स्वयम् समाधान गर्न गईरहेछु भने त्यसको अन्तिम परिणाम (सबभन्दा राम्रो) (सबभन्दा खराब) बनाईरहेछु ।

९.परमेश्वरले मलाई क्षमा दिनु हुन्छ कारण (म एउटा असल व्यक्ति हुँ) (येशू मेरो लागि मर्नुभयो) ।

१०.परमेश्वरले मलाई स्वीकार्नु हुन्छ कारण(उहाँलाई थाहा छ म सेवा गर्नेछु) (उहाँ मलाई प्रेम गर्नु हुन्छ) ।

(पेज नं.७१मा हेरेर तपाईका उत्तरहरु जाँच्नूहोस्)



येशु मृत्यूबाट बौरी उठ्नूभएको छ भनेर स्वर्गदुतले स्त्रीलाई भने ।

## अध्याय चार

# घरमा स्वागत


कहिले काँही मानिसहरुले भनेको तपाईले सुन्नु भएको छ, “म परमेश्वरसँग खेल्न अथवा नजिक हुन चाहँदैन । म ईसाइ हुन शुरु गर्न र पछाडि फर्केर परमेश्वरलाई विश्वास नगर्न चाहन्न । परमेश्वरको अगाडि आउनु भन्दा पहिले म निश्चित हुन चाहन्छु म यसको वास्तविक अर्थ बुझ्न चाहन्छु । म परमेश्वरको अगाडि आउनु भन्दा पहिले १०० प्रतिशत विश्वास योग्य हुने प्रतिवद्धता चाहन्छु ।” जब सम्म पूर्णतया तिनीहरु तयार भएको महसुस गर्दैनन् र यस्ता मानिसहरु परमेश्वरलाई प्रार्थना गर्ने र बाइबल अध्ययन अथवा उहाँलाई प्रशंसा गर्न टाढै रहन्छन ।

यदि तपाई यसप्रकार विचार गरिरहनु भएको छ भने, तपाई आफैलाई सधैंको लागि पर्खि रहेको पाउनू

हूनेछ । जब तपाई कहिले १०० प्रतिशत इमानदार हुनूहूनेछ कि परमेश्वरलाई विश्वास नगरेर पछाडि फर्कने छैन भन्ने १०० प्रतिशत निश्चित हूनूहूनेछ ? यर्थातमा, यदि तपाई वास्तवमा त्यति इमानदारी र प्रतिवद्धता हुनुहून्थ्यो भने तपाईलाई सहायताको लागि येशू कहाँ आउने आवश्यकता छैन । यो यस्तो हूनेछ कि तपाई कसैलाई तपाईको घर सफा गर्न बोलाउदै हुनुहुन्छ र ती आइ पूग्नू भन्दा पहिले आफै सफा गरिसक्नूहून्छ ।

साँचो यो हो, तपाई जस्तो हुनुहुन्छ त्यस्तै परमेश्वर कहाँ आउनू आवश्यक छ । जति सुकै तपाईको जीवन खराब भए तापनि यसको कुनै मतलब छैन । बाइबलले भन्दछ "हेर, ग्रहण योग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो" (२ कोरिन्थी ६:२) । तपाईले असल जीवन जिउन र असल सोचाई सोच्नको लागि पर्खिरहनु पर्दैन । तपाई जस्तो हुनुहुन्छ त्यस्तै आउनुहोस् र परमेश्वरले तपाई जस्तो मार्गमा हुनुहुन्छ त्यहीबाट तपाईलाई प्रेम र स्वीकार गर्नुहुन्छ । जब छोरा टाढा थियो उसको बुबाले उसलाई देख्यो । उनी उसलाई देखेर कोमल प्रेमले भरिए । उनी उसकहाँ दुगुरेर गए । उनले आफ्नो अङ्गालोमा हालेर उसलाई चुम्बन गरे ।

तब त्यो उठेर आफ्ना बूबाकहाँ गयो । "तर त्यो धेरै टाढा छँदा त्यसका बुबाले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौडेर गई त्यसलाई अङ्गालो हालेर त्यसलाई चुम्बन गरे ।



पावल प्रेरितले परमेश्वरको बचनको बारेमा सिकाए ।

“छोराले तिनलाई भन्यो, “बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु । म फेरि तपाईको छोरा भनिने योग्यको छैन ।' “तर बुबा चाहिंले आफ्ना कमाराहरुलाई भने, झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइ देओ । त्यसको हातमा औठी र खुट्टामा जुत्ता लगाईदेओ, र पुस्टाईराखेको पशु मार र हामी खाएर आनन्द मनाऔ । किनकि यो मेरो छोरा मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ । तब तिनीहरु आनन्द मनाउन लागे ।” (लूका १५:२० २४)

जब उ घरमा आयो कान्छो छोराले आफ्नो बुबाबाट त्यस्तो प्रकारको व्यवहारको आशा राखेको थिएन । उसले विचार गरेको थियो कि उसले रहनको लागि एउटा अवसर प्राप्त गर्नु भन्दा पहिले उ घर भन्दा टाढा हटाइनेछ । सर्वोत्तम आशा उसलाई थियो कि उसको बुबाले उसको व्यथा कथा कस्तो उसले खराब कर्म गरेको थियो भन्ने बारेमा सानो वर्णन सुन्नेछन । उ परिवारको सदस्य हुनुको सट्टा आफूलाई एउटा ज्यालादारीको रुपमा हुने आशा गरिरहेको थियो र त्यसपछि हुन सक्छ उसको बुबाले केही कुरा यसप्रकार भन्नु हुने थियो, “हुन्छ, म तिमीलाई एउटा काम र सुत्ने ठाउँ दिनेछु तर यदि तिमीले फेरि गल्ती गर्‍यौ भने यहाँ बाट जानु पर्नेछ ।” उ आशा गरिरहेको थियो हुनसक्छ उसको बुबाले परीक्षण कालमा राख्नु हुनेछ र उसलाई काम गर्न दिन एउटा अवसर दिनु हुनेछ । छोराको घरतिरको हिंडाइलाई

तपाई चित्रण गर्न सक्नुहुन्छ छोरा हिडिरहेको थियो जब उ बिस्तारै घर नजिक आइपुग्यो । तपाई ठीक हेर्न सक्नुहुन्छ उसलाई उ आफ्नो अभिव्यक्तिलाई बढी भन्दा बढी दिने कोशिसमा गईराखेको छ । हुनसक्छ उसले विचार गऱ्यो जब उ घरमा पुग्नेछ उसले बुबालाई उनको सम्पत्तिको छेउमा उभिएर आफ्नो हात बेरेर रिसालु अनुहारमा भेटाउनेछ । तर यसको सट्टामा जब उ घर नजिक पुग्यो उ कहाँ एउटा धुलो उडाउदै र सडकमा कसलाई दगुरीरहेको देख्यो र जोरसँग केही कराईरहेको उसले सुन्यो । र त्यसपछि उसले यो के भइरहेछ भनि थाहा पायो । उनी उसको बुबा थिए उसको बुबा उसलाई भेट्न सडकमा दगुरिरहेका थिए, उसको नाउँ भन्दै कराईरहेका थिए ।

तब छोराले पनि सायद रुन शुरु गऱ्यो । जब उसले घर छोडेको बेला आफ्नो बुबाको हृदयलाई कसरी नराम्ररी दुखित पारेको थियो सो कुरालाई हुनसक्छ प्रथम पटक बुझ्न शुरु गर्दै थियो । जसरी उसको बुबा उसलाई अङ्कमाल गर्दै र चुम्बन गर्दै थिए, छोराले सानो अभिव्यक्ति बताउने कोशिस गऱ्यो कसरी उ केवल कामको लागि मात्र विचार गरिरहेको थियो कारण उसले थाहा पायो उ त्यो परिवारको सदस्य हुने योग्यको थिएन । बुबाले उसको अभिव्यक्तिलाई पूरा हुन दिएनन् । उनले उसको अयोग्यताको व्यवहारको कुनै ।



हराएको छोरोलाई घरमा स्वागत गरियो ।

फिक्री गरेन । उनले उसलाई के कति कार्य दिनु पर्छ सो कुराको वास्तै गरेन । उसले एउटा कुरालाई मात्र फिक्री गऱ्यो की उनको छोरा उनीकहाँ फिर्ता आएको छ । उनले छोरालाई उसले कहिल्यै फेरि त्यस्तो गर्नेछैन भनि प्रतिज्ञा गराएन । उसलाई बुबाले परिक्षण कालमा राखेन । उनलाई थाहा थियो उनको छोराले फेरि पनि उनलाई दुखित पार्न सक्छ, तर जसरी पनि उनले आफ्नो छोरालाई घरमा फिर्ता लगे । उनले यो खुशी साथ गरे ।

यो बुबाको लागि, सबभन्दा अति आवश्यक कुरा यो थिएन कि कसरी उनको छोरा आफ्नो इमानदारीको लागि दु:खी भईरहेछ र असल गर्ने विचार गरिरहेछ । अति आवश्यक कुरा बुबाको छोरा प्रतिको प्रेम थियो ।

१.कान्छो छोराले विचार गऱ्यो कि उसको बुबाले घरमा फिर्ता गए पछि उसलाई..............को रुपमा ग्रहण गर्नेछैनन् ।

२.कान्छो छोराले विचार गऱ्यो उ घरमा फिर्ता हुनलाई एउटा...............रुपमा हुन सक्ने छ ।

३.बुबाले आफ्नो छोरालाई भेट्न................. ।

४.बुबालाई थाहा थियो उनको छोराले उनको...............लाई फेरि पनि दु:खी पार्न सक्छ ।

५.बूबालाई त्यो अति आवश्यक कूरा यो थियो कि कति बढी उनले छोरालाई............गरे ।

(पेज नं. ५० को तल हेरी आफ्नो उत्तरहरु जाँच्नुहोस् ।)

जब तपाई उहाँसँग जीवन हूने बारेमा विचार गर्दै हूनूहून्छ परमेश्वर तपाईलाई कसरी हेरीरहनू भएको छ भन्ने सोच्नु हुन्छ ? के उहाँ क्रोधित भएर तपाईलाई हेरिरहनु भएको छ भन्ने विचार गर्नुहुन्छ ? के परमेश्वर तपाईलाई टाढा राखेर र तपाईलाई यसो भन्दै, "मैले तिमीलाई फिर्ता ल्याउनु भन्दा पहिले यदि तिमी यर्थातमा विश्वासयोग्य भएको म हेर्न चाहन्छु" भन्ने विचार गर्नुहुन्छ ? के परमेश्वरले तपाईलाई टाढाबाट फिर्ता ल्याएर तर तपाईलाई चेतवानी दिनूहून्छ "तिमीले फेरि गल्ती गऱ्यो र राम्रो गरेनौ तसर्थ म तिमीलाई पनि त्यसै गर्छु" भन्ने विचार गर्नुहुन्छ ?

यदि तपाईले परमेश्वरलाई यो बुबा जस्तै विचार गर्नु भयो भने के होला ? परमेश्वरले तपाईलाई फिर्ता आएकोमा खुशी भएको कल्पना गर्नुहोस् ! तपाई परमेश्वरसँग भएकोमा उहाँ स्वर्गमा स्वागत भोज दिएर खुशी मनाई रहेको कल्पना गर्नुहोस् ! परमेश्वरले तपाईलाई भनिरहेको कल्पना गर्नुहोस् "तिमी म कहाँ फिर्ता भएकोमा म खुशी छु, कारण अहिले म तिमीलाई कति बढी प्रेम गर्छु म तिमीलाई देखाउन सक्छु ।"

जब तपाई येशू क्रूसमा मरिरहनु भएको चित्र हेर्नुहुन्छ, के यसले तपाईलाई दोषी र लाज लागेको महसुस बनाउँछ ? त्यस्तो महसुस गर्नलाई येशूले


पे.नं. ४९ का उत्तरहरु: १.छोरा, २.कामदार, ३.दगूऱ्यो, ४.हृदय, ५. प्रेम गऱ्यो

तपाईलाई चाहनु हुन्न । उहाँ तपाईको अपराधको दोष बाट छुटकारा दिलाउन कूसमा मर्नुभयो ताकि तपाई परमेश्वर कहाँ आउन सक्नुहुनेछ र यो आशा राख्दै कि तपाईलाई स्वीकार गरिने, स्वागत गरिने र प्रेम गरिने छ । तपाईको फिर्ता आगमन र परमेश्वर प्राप्तिको लागि तपाईले धेरै असल कुरा गर्न सक्नु हुन्न । र तपाईसँग असल थोकहरु छैनन् । जब येशू यस धर्तीमा रहनुभयो र मर्नुभयो, तपाई परमेश्वरसँग रहनको लागि उहाँले प्रत्येक कुरा जो आवश्यक थियो पूरा गर्नुभयो । ताकि तपाई परमेश्वरसित हून सक्नू भएको होस् ।

यदि तपाई अब देखि कति राम्रो आचारणमा भएर र कसरी परमेश्वरलाई अरु विश्वासीहरुसँग मिलेर हरेक हप्ता आराधना गर्नेछु र हुनसक्छ एउटा सेवक भएर अथवा गोठालो भएर प्रतिज्ञाहरुलाई जोगाउने कोशिस गर्दै परमेश्वरमा आउने कोशिस गरिरहनु भएको छ भने यी प्रतिज्ञाहरुलाई छोडने कोशिस गर्नुहोस् । तपाई जस्तो हुनुहुन्छ त्यस्तै परमेश्वर कहाँ आउने कोशिस गर्नुहोस् । परमेश्वरको प्रेम तपाईमा आउन दिन कोशिस गर्नुहोस् ।

६.कहिले काँही मानिसहरु यो सोच्दछन कि परमेश्वर सधै नै तिनीहरुलाई...............मुहारबाट हेरिरहनु भएको छ ।

७.कहिले काँही मानिसहरु यो सोच्दछन कि परमेश्वरले फिर्ता ल्याउन स्वीकार्नु हुन्छ तर चेतावनी दिनुहुन्छ, “यदि तिमीले फेरि गल्ती गऱ्यो भने म तिमीहरुलाई त्यसै............छु ।



परमेश्वर बालबालिका सहित सबै मानिसहरुलाई उहाँको राज्यमा चाहानूहून्छ ।

८.किनभने येशू तपाईको लागि मर्नु भएको कारणले तपाई परमेश्वरबाट.................... र .............. र................को आशा राख्न सक्नुहुन्छ ।

९.परमेश्वरको..............तपाईमा आउन दिन आवश्यक छ ।

(पे.नं.५४ मा हेरेर तपाईको उत्तर जाँच्नूहोस्)

## चार अध्यायको पुनरावलोकन

कान्छो छोराले विचार गऱ्यो कि कसरी उसले नराम्रो तरिकाले आफ्नो परिवारलाई आघात पुऱ्याएको कारण उसले कहिले पनि आफूलाई घरमा फिर्ता आएर त्यो परिवारको सदस्यको रुपमा स्वीकार्य हुन सक्नेछैन । उसले केवल एउटा तरिका अपनाउने विचार गऱ्यो यदि उसले आफ्नो बुबाको लागि काम गर्ने प्रतिज्ञा गऱ्यो भने उ घरमा फिर्ता जाने योग्य हुनेछ । उसको बुवाले सडकमा उसलाई भेटन दगुरेर गएर, फेरि छोराको रुपमा स्वागत गर्दै, र छोरा आएकोमा भोज मनाउदै आफ्नो छोरालाई आश्चर्यमा पाऱ्यो ।

धेरै जस्तो मानिसहरु विचार गर्दछन कि तिनीहरुले पाप गरेको कारण परमेश्वर तिनीहरुसँग रिसाउनु भएको छ र परमेश्वरले तिनीहरुलाई धेरै कठोर कार्य गरेर, असल जीवन जिएर र फेरि कहिल्यै गल्ती नगरेमा मात्र स्वीकार गर्नु हुनेछ । साँचो यो हो कि परमेश्वर हामीलाई विना कुनै मागहरुद्वारा खुशी साथ स्वीकार्नु हुन्छ र यस संसारमा र सधैंको लागि स्वर्गमा उहाँले हामीलाई कति प्रेम गर्नुहुन्छ भन्ने कुरा देखाउन पर्खि रहनु हुन्छ ।

## अध्याय चारको जाँच

ठीक अथवा बेठीक ? खाली ठाउँमा ठीकको लागि चिन्ह ✓ बेठीकको लागि चिन्ह ✗ राख्नुहोस् ।

...........१. कान्छो छोराले आफ्नो बुबाको हृदयलाई नराम्ररी दुःखीत पारेको थियो ।

...........२. कान्छो छोराले विचार गऱ्यो जे कुरा भएको थियो त्यसलाई उसको बुबाले बिर्सिनु हुनेछ ।

...........३. कान्छो छोराले विचार गऱ्यो उसले आफ्नो बुबाको घरमा एउटा स्थान कमाउने थियो ।

...........४. बुबाले उनको छोरालाई फिर्ता ल्यायो तर उसलाई परिक्षण कालमा राख्यो ।

...........५. बुबा आफ्नो छोरा देखि लज्जित थिए र कसैलाई पनि उ फिर्ता आएको कुरा भनेको थिएन ।

...........६. बुबा आफ्नो छोरालाई कति बढी काम दिन सक्थे भन्ने ती कुरामा चाख राखेका थिएन ।

...........७. बुबाले छोरालाई फेरि गल्ती नगर्नु भनेर प्रतिज्ञा गराउनु भएन ।

पे.नं.५१-५३ का उत्तरहरु: ६.दूखित, ७.द्वारा, ८.स्वीकार गऱ्यो, स्वागत गऱ्यो, प्रेम गऱ्यो, ९.प्रेम

ठीक उत्तरमा चिन्ह लगाउनुहोस् ।

८.हरेक प्रश्नबाट ठीक उत्तर जाँच गर्नुहोस् ।
परमेश्वरले तपाईलाई स्वीकार्नु भन्दा पहिले तपाईले केही गर्नुको लागि परमेश्वर के भन्नुहुन्छ ?

...........क. ठीकसँग जिउने प्रतिज्ञा गर्नु ।

...........ख. तपाईका पापहरुको लागि यर्थातमा दु:खित हुनु ।

...........ग. तपाईले जिएको जीवनबाट तपाईले विश्वासयोग्यता देखाउनुहोस् ।

...........घ. केही पनि गर्नु पर्दैन ।

९.किन येशू क्रूसमा मर्नुभयो ?

...........क. तपाईको पापको बारेमा दु:खी बनाउन ।

...........ख. मानिसहरुलाई एउटा आज्ञाकारिताको साँचो उदाहरण दिन ।

...........ग. पापीहरुलाई एउटा चेतावनी दिन ।

...........घ. तपाईका पापहरुको लागि तपाईलाई पूर्ण क्षमादान दिन ।

१०.परमेश्वरको प्रेमको सर्वोत्तम प्रतिक्रिया गर्ने तरिका के हो ?


...........क. आफैमा योग्य छैन भनि आफैलाई सम्झाई रहनु ।

...........ख. नियमित आराधना गर्ने प्रतिज्ञा गर्नु ।

...........ग. असल तरिकाले जिउनु ताकि उहाँले कहिले पनि तपाईलाई प्रेम गर्नबाट रोक्ने छैन ।

...........घ. तपाईले उहाँलाई प्रेम गर्न दिनु ।

(पे. नं.७१ मा हेरेर तपाईका उत्तरहरु जाँच्नूहोस्)



येशू फेरि स्वर्गमा जानूभयो ।

## अध्याय पाँच

# "म यसलाई बुझ्न सक्दैन"

येशूको कथामा ती बुबाका दुइवटा छोराहरु थिए । एउटा जसले घर छोडयो र अस्तव्यस्त जीवनमा रहेको थियो र एउटा छोरा जो घरमा बस्यो आफ्नो बुबाको लागि काम गर्दथ्यो तर यो कुरा हो : ती दुवै छोराहरुले तिनीहरुका बुबाको हृदयलाई दु:खित र उनलाई निराश पारेको थियो । यहाँ सम्म कि जेठो छोरा जसले काम गरिरहेको ठान्दथ्यो, उसले काम गरिरहेको थियो, उसको बुबाले उसको वास्ता गर्ने कुरामा उसलाई साँच्चै विश्वास थिएन । दूबै छोराहरुबाट बुबाले धेरै चाहेको कुरा यही थियो कि ती दुवै उसका छोराहरुलाई उसले कति प्रेम गर्छ भन्ने कुरा ती दुवैले थाहा पाउन ।

तपाईलाई थाहा छ येशूले भन्नु भएको यो एउटा कथा परमेश्वर सितको जीवनले कसरी कार्य गर्दछ भन्ने कुरा सिकाउनको लागि थियो । यो कथामा परमेश्वर बुबा जस्तै हुनुहुन्छ । हामी सबैले उहाँ हामीलाई कति बढी प्रेम गर्नुहुन्छ भन्ने थाहा पाएको चाहनुहुन्छ । कहिले काँही हामी ठीक प्रकारले उहाँको प्रेमलाई बुझ्दैनौ र त्यसले उहाँलाई दुःखित पार्छ । यस कथामा भएको बुबाको प्रकारले हेर्नुहोस्, उनी दुवै छोराहरु आज्ञाकारी र अनाज्ञाकारी कहाँ पुगे, देख्नु हुन्छ कि यसले तपाईलाई परमेश्वर कति बढी प्रेम गर्नु हुन्छ भन्ने कुरा बुझ्नलाई सहायता गर्छ ।

त्यस बेला तिनको जेठो छोरा खेतमा थियो, र घरको नजिक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो । त्यसले चाकरहरु मध्ये एकजनालाई आफू कहाँ बोलाएर यो के भइरहेछ ? भनेर सोध्यो । त्यसले त्यसलाई भन्यो, “तपाईका भाइ आइपुगे, र तपाईका पिताले पालिराखेको मोटो पशु मार्नुभयो । किनकि उहाँले तिनलाई सकुसल र स्वस्थ फर्कि आएको भेट्टाउनुभयो ।

तर त्यो रिसायो, र भित्र जान मानेन र त्यसको बुबाले बाहिर गएर त्यसलाई मनाउन लागे । तर त्यसले बुबालाई भन्यो, “हेर्नुहोस् यतिका वर्ष मैले तपाईको सेवा नोकर जस्तै गरिरहेछु, अनि तपाईको आज्ञा कहिल्यै उल्लङ्घन गरिन, तापनि मैले आफ्ना साथीहरुसँग आनन्द मनाउन तपाईले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन । तर तपाईको सम्पत्ति

वेश्याहरुसँग उडाउने यो तपाईको छोरा आउँदा चाहिँ तपाईले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो ।

"तब तिनले त्यसलाई भने, 'छोरा तँ त मसँग सधैंभरि छैंदैछस, अनि मेरो सबै सम्पत्ति तेरै हो । तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो र पाइएको छ" लूका १५:२५ ३१ ।

जब कान्छो छोरोलाई भोज दियो जेठो छोरा रिसाएको थियो, किनकि बुबाले उसको लागि कहिल्यै त्यस्तो भोज गरेको थिएन । तर त्यसको बुबाले उसलाई भने, "छोरा तँ त मसँग सधैंभरि छँदैछस् अनि मेरो सबै सम्पत्ति तेरै हो ।" अर्को शब्दमा, उसले कुनै पनि समयमा आफ्ना साथीहरुसँग भोज गर्न सक्थ्यो । जेठो छोराले त्यो गर्नलाई सोध्नु पर्थ्यो । त्यसो भए उसले कहिल्यै पनि किन सोधेन ?

यदि तपाईले उसले आफ्नो बुबालाई भनेको पहिले कुरा हेर्नु भयो भने तपाई देख्न सक्नुहुन्छ कि किन जेठो छोराले सोधेको थिएन, "हेर्नुहोस् यतिका वर्ष मैले तपाईको सेवा गरिरहेछु, अनि तपाईको आज्ञा कहिल्यै उल्लङ्घन गरिन । अर्को शब्दमा उसले आफूलाई उसको बुबाको चाकर भएको जस्तै विचार गऱ्यो छोराको रुपमा होइन, जुन चाहिँ आफ्नो बुबाको प्रेममा रहन्थ्यो तर एउटा चाकर जुन चाहिँ आफ्नो बुबाको कामदारको रुपमा रहन्थ्यो । उसले आफ्नो बुबाले उसको हेरचाह गर्छ भनि विश्वास

गरेन । उसले बुबाले ऊ कति धेरै कति ज्यादा काम गर्न सक्छ भन्ने मात्र वास्ता गर्छ भन्ने मात्र विश्वास गरेको थियो ।

तब वास्तवमा त्यो जेठो भाइले कहिल्यै पनि उसलाई आवश्यकता परेको कुरालाई आफ्नो बुबालाई भनेको थिएन । उसको वास्तविक आवश्यकतालाई उसको बुबाले फिक्री गर्नेछन भन्ने विश्वास गरेको थिएन । उसको आज्ञाकारिताको बारेमा मात्र उसको बुबाले फिक्री गर्नुहुन्छ भन्ने कुरा सोचेको थियो ।

तपाईको परमेश्वरसँगको सम्बन्धको बारेमा तपाईले त्यस्तै विचार सोचेको हुन सक्छ तपाई के मन पराउनु हुन्छ अथवा के मन पराउनु हुँदैन, परमेश्वरले यसको बारेमा वास्तविक फिक्री गर्नु भएको छैन भन्ने बारेमा सोचेको हुनसक्छ, परमेश्वरले तपाईको आज्ञाकारिताको बारेमा मात्र वास्ता गर्नुभएको छ, भन्ने सोच्नु भएको छ । तपाईले साँच्चै नै परमेश्वरसँग कुनै थोकलाई ज्यादा मात्रमा माग्न सक्नुभएको छैन, किनकि तपाईले विचार गर्नुभयो कि तपाईमा कुनै असल कुराहरु नभएकोले परमेश्वरबाट असल थोक प्रशस्त प्राप्त गर्न सकिरहनु भएको छैन । हुनसक्छ तपाईले यो विचार गर्नु भएको छ कि परमेश्वरसँगको जीवन सम्पूर्ण आनन्द रहित काम मात्र हो ।

तर परमेश्वर सबै समय तपाईलाई उहाँको सन्तानको रुपमा हेरिरहनु भएको छ, र उहाँलाई बुबाको रुपमा हेर्न तपाईलाई पर्खिरहनु भएको छ, तपाईको मालिका,


होइन न तपाईको न्यायधीश अथवा न कि स्वामी, तर तपाईको पिता हुनुहुन्छ । यदि तपाईको बुबा जो तपाई प्रति प्रेमी र दयालु हुनुहुन्थेन भने यो बुझ्न तपाईलाई मुस्किल हुनसक्छ । तर यदि तपाईसँग तपाईको आफ्नो नानीहरुछन भने, तपाईलाई थाहा छ कि उनीहरुको बारेमा तपाई कस्तो महसुस गर्नुहुन्छ । सायद तपाई उनीहरुलाई आवश्यक भएको कुराहरु र चाहिएको थोकहरु दिन मनपराउनु हुन्छ । तिनीहरु तपाईका नानीहरु हुन, र सायद तपाई जब उनीहरुलाई चाहिएको आवश्यकता पूरा गर्नूहुन्छ र तिनीहरुलाई खुशी पार्न प्रेम गर्नुहुन्छ । परमेश्वर आफ्ना सन्तान प्रति भलो र प्रेमी अभिभावक हुनुहुन्छ, हामीहरु भन्दा पनि बढी उहाँले प्रेम गर्नुहुन्छ । येशूले भन्नुभयो, “यसकारण तिमीहरु दूष्ट भएर आफ्ना छोरा छोरीहरुलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरुका पिताले उहाँसित माग्नेहरुलाई कति बढी गरेर असल चीज दिनु हुनेछ”(मत्ती ७:११) ।

येशूको कथाको जेठो छोराले उसको बुबाको हृदयलाई दु:खित पाऱ्यो र उनलाई निराश बनायो उसले आफ्नो बुबा उसलाई प्रेम गर्नुहुन्छ र वास्ता गर्नुहुन्छ भन्ने कुरामा विश्वास गरेको थिएन । तर बुबालाई दु:खी पार्ने कुरा त्यो मात्र थिएन । उसले आफ्नो कान्छो भाइलाई हेर्ने तरिकाबाट पनि बुबाको हृदयलाई दु:खी पारेको थियो ।

जब जेठो भाइले कान्छो भाइलाई हेर्‍यो, सबै उसले आफ्नो जीवनमा गरेका कार्यको तुलना गर्न सकेको थियो । उसले आफ्नो बुबालाई भनेको थियो, कि "उसले बुबाको सेवा गरिरहेको थियो र कहिल्यै पनि आज्ञा उल्लङघन गरेको थिएन" तर उसको कान्छो भाइले "उसको बुबाको पैसा वेश्याहरुसँग उडाई रहेको थियो ।" जेठो छोराले यसको अर्थ चाहिँ उ स्वीकार गर्न योग्य र कान्छो भाइ इन्कार गर्न योग्य हुनेछ भन्ने विचार गर्‍यो । अथवा कम्तीमा पनि उसको बुबाले उसलाई उसको भाइ भन्दा बढी प्रेम गर्नु पर्छ भन्ने सोच्यो जब जेठो भाइले आफैलाई कान्छो भाइसँग तुलना गर्न लाग्यो, उसले आफूलाई आफ्नो भाइ भन्दा बढी आदर योग्यको भएको विचार गर्न थाल्यो ।

जब उसको बुबाले उसको कान्छो भाइलाई प्रेम गर्दै र स्वीकार्दै गरेको उसले देख्यो, जुन चाहिँ उसको विचारमा कान्छो भाइले पाउने योग्य थिएन, उ अलमल भयो र रीसमा थियो । बुबाले गर्नु भएको कुरा उसले बुझेको थिएन ।

के तपाई जेठो भाइ जस्तै हुनुहुन्छ ? के तपाई को असल व्यक्ति छ भनेर अथवा परमेश्वरको आशिष कसले बढी पाउन योग्य छ भनेर आफैलाई अरु व्यक्तिसँग दाँज्नु हुन्छ ? तपाईले कहिल्यै यस्तो भन्नु भएको छ," परमेश्वरले तिनीहरुले ..........पाप नगरे सम्म प्रत्येकलाई क्षमा गर्नुहुन्छ र स्वीकार गर्नुहुन्छ र



योसेफले आफ्ना दाजुहरुलाई क्षमा दिए ।

तब तपाईलाई सब भन्दा खराब लाग्ने पापहरुको नाम दिनुहुन्छ । के तपाई यस्तो विचार गर्नुहुन्छ कि ती मानिसहरु मात्र ईसाइ हुनसक्छन जो तपाई जस्तै इमानदार छन, तपाई जस्तै पश्चात्तापी छन, तपाई जस्तै कडा परिश्रम गर्छन ? तपाई कहाँ रोक्नु हुन्छ ?

येशू धर्कोहरु मेटाउने कार्यमा हुनुहुन्छ । बचाईएका र नबचाईएका मानिसहरुको बीचको भिन्नता छुट्याउने धर्कोलाई येशू हेर्नु हुन्न । उहाँले प्रेम गर्नु भएको मानिसहरुलाई मात्र हेर्नुहुन्छ र उहाँको परिवारमा भएको चाहनु हुन्छ । उहाँले प्रत्येकलाई निमन्त्रणा दिनुहुन्छ, “हे सबै थाकेका र बोझले दाबिएका हो, म कहाँ आओ, म तिमीहरुलाई विश्राम दिनेछु” मत्ती ११:२८ ।

यदि तपाई अरु मानिसहरुलाई आफूसँग दाँजेर तिनीहरुको न्याय गरिरहनु भएको छ भने त्यो भारीको बोझ तपाई बोकी रहनु भएको छ के तपाई त्यो गरेर थाक्नु भएको छ ? येशू तपाईलाई त्यो बोझ हटाउनलाई र उत्सवमा सहभागी हुन निमन्त्रणा दिइरहनु भएको छ । प्रत्येकलाई स्वागत छ, र उत्सव अनन्तकाल सम्म मनाईनेछ ।

परमेश्वर तपाईलाई चाहनु हुन्छ । “हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ ।

सबै मानिसहरुले मुक्ति पाऊन् र तिनीहरु सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ” १तिमोथी २:३,४ ।

# शब्दवाली

| | |
|---|---|
| **स्वीकार** | मञ्जूर हुनु अथवा विश्वास गर्नु । |
| **दुर्व्यसन** | कुनै लागू औषधको कूलतमा पर्नु । |
| **शर्ममा पर्नु** | दोषी महसुस गर्नु अथवा केही कुराको लागि दु:खित हुनु । |
| **मनाउनु** | आनन्द पूर्वक कुनै पनि कुरालाई आदर गर्नु उत्सव मनाउनु । |
| **प्रस्टता** | कुनै कुरालाई अझ बढी प्रष्ट पार्नु, अथवा बुझ्ने योग्य हुनु । |
| **प्रतिबद्धता** | केही कुरा गर्न प्रतिज्ञा गर्नु । |
| **योग्य** | केही कुराको लागि सुहाउने योग्य । |
| **नैराश्य** | निराश, कुनै आशा नभएको । |
| **अनुभव** | कुनै व्यक्तिलाई केही कुरा बटुल्नु । |
| **क्रुद्ध** | अनुहारलाई रीसमा खुम्चाईरहनु अथवा मञ्जूरी नभएको । |
| **पाखण्डी** | जे उ होइन त्यो भएको जस्तै बाहान गर्ने । |

| | |
|---|---|
| **पैतृक सम्पत्ति** | घरमुली बाट सम्पत्ति प्राप्त गर्नु । |
| **भोज** | एक साथ मेला भएर खाना खाने र रमाइलो गर्ने मानिसहरुको समूह । |
| **घमण्ड** | आफ्नो योग्यता भन्दा बढी आकांक्षा राख्नु । |
| **इन्कार** | अस्वीकार । |
| **सम्बन्ध, नाता** | कसैसँग अर्थात एक अर्को प्रतिको संयोजन । |
| **धर्मी** | धर्मको बारेमा फिक्री गर्ने । |
| **भय** | कुनै कुरा जसले तपाईलाई डराउँछ । |
| **निरिक्षण** | रेखदेख गर्नु । |

# अध्यायका जाँचको उत्तरहरु

## अध्याय जाँच एक

१.+; २.+; ३.+; ४.०; ५. दृष्टान्तहरु, परमेश्वर; ६.नियम; ७.गर्नु; स्वीकार; ८.पिता, छोराहरु; ९.बुझाई, प्रेम गर्नु ।

## अध्याय जाँच दुइ

१.ख; २.ग; ३.क; ४.क; ५.ग; ६.ग; ७.ख ।

## अध्याय जाँच तीन

१.ग; २.क; ३.घ; ४.ङ; ५.ख; ६.परमेश्वर; ७."म गलत थिए"; ८.सबभन्दा खराब; ९.येशू मेरो लागि मर्नुभयो; १०.उहाँ मलाई प्रेम गर्नुहुन्छ ।

## अध्याय चार

१.+; २.०; ३.+; ४.०; ५.०; ६.+; ७.+; ८.घ; ९.घ; १०.घ ।

# टुक्रिएको हृदय भएको बुवा
# अन्तिम जाँच

खाली ठाउँ भर्नुहोस् ।

१. परमेश्वर सितको जीवनले कसरी कार्य गर्छ भन्ने बुझ्न येशूले कथा भन्नु भयो जसलाई ................ भनिन्छ ।

२. किनभने तपाई................लाई हेर्न सक्नु हुन्न, येशूले मानिसहरुको सामन्य जीवनमा देख्न सक्ने कुराहरुको बारेमा कथाको प्रयोग गर्नुभयो ।

३. तपाईले के गर्नु पर्दछ र तपाईले के गर्नु पर्दैन र तपाईले आज्ञा पालन गर्नु भएन भने तपाईलाई के हुनेछ भन्ने नियमहरुलाई .............. भनिन्छ ।

४. परमेश्वरसँगको जीवनको बारेमा मानिसहरुलाई बुझ्न सहायताको लागि येशूले कथा भन्नु भएको एक कारण यो हो परमेश्वर बाट..............हुनको लागि हामीले केही पनि .............पर्दैन भन्ने कुरा बुझ्न सहायता गर्छ ।

५. टुक्रिएको हृदय भएको बुवाको कथामा, बुबाको हृदय टुक्रिएको थियो कारण दुइ छोराहरुले उनले तिनीहरुलाई प्रेम गर्नु भएको छ भनेर ................. गरेनन् ।

यो कथामा बुबाको बारेमा पढेर तपाईले परमेश्वरको बारेमा के बुझ्नुभयो ? परमेश्वर यस्तो हुनुहुन्छ भन्ने विवरणमा “हो” भनेर लेख्नुहोस् र परमेश्वर त्यस्तो हुनु हुन्न भन्ने विवरणमा “होइन” भनेर लेख्नुहोस् ।

...........६. येशू तपाईको लागि मर्नुभयो, र तपाई जस्तो हुनुहुन्छ त्यस्तै अवस्थामा परमेश्वर तपाईलाई स्वीकार गर्नुहुन्छ ।

...........७. जति असल जीवन तपाई जिउनु हुन्छ त्यही बढी परमेश्वर तपाईलाई प्रेम गर्नुहुन्छ ।

...........८. जब तपाई परमेश्वरबाट टाढिनु हुन्छ, यसले उहाँलाई दु:खित पार्छ ।

...........९. परमेश्वरले तपाईका भावनालाई वास्ता गर्नुहुन्छ, तपाईले के गर्नुहुन्छ भन्ने बारेमा होइन ।

...........१०. परमेश्वर उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ भनेर तपाईले भरोसा राखेको चाहनुहुन्छ ।

...........११. तपाईको जीवनमा खुशी होस या नहोस परमेश्वर वास्ता गर्नु हुन्न ।

पुरानो तरिकाबाट आउने सोचाइमा "पु" र नयाँ पश्चात्तापी सोचाईबाट आउने विवरण "न" चिन्ह लगाउनुहोस् ।

...........१२. "मैले धेरै पाप गरेको छु । परमेश्वरले मलाई फिर्ता बोलाउनु हुनेछैन ।"

...........१३. यदि मैले जे गल्ती गरेको छु, त्यसको लागि साँच्चै क्षमा माग्यो भने परमेश्वरले मलाई धेरै मन पराएर स्वीकार गर्नु हुनेछ ।

...........१४. परमेश्वर मेरो जीवनको मालिक हुन आवश्यक छ, किनभने जब म आफै मेरो मालिक थिए तब मैले धेरै कुराहरु गुमाए ।

...........१५. "ती म भन्दा धेरै खराब पापीहरु मानिसहरु भन्दा म परमेश्वरको प्रेम र स्वीकार पाउन बढी योग्यको छु ।"

...........१६. परमेश्वर मलाई प्रेम गर्नुहुन्छ मेरो कर्म र आज्ञाकारिताको कारणले होइन ।

...........१७. परमेश्वर कहाँ आउनलाई मेरो असल आचारण नहुञ्जेल पर्खिरहनु पर्दैन ।

प्रत्येक प्रश्नको दुइवटा सही उत्तरहरुमा चिन्ह लगाउनुहोस् ।

१८.जब मलाई थाहा हुन्छ म मेरो जीवन गुमाईरहेछु तब मैले के गर्नु पर्छ ?

...........क. मेरो कर्मलाई शुद्ध पार्नु, पर्छ ताकि परमेश्वरले मलाई स्वीकार गर्नुहुनेछ ।

...........ख. मैले स्वीकार गर्नु पर्छ कि मैले त्यो गुमाए भनेर ।

...........ग. क्षमा र सहायताको लागि तुरुन्तै परमेश्वर कहाँ आउनुपर्छ ।

१९.जब परमेश्वरले मलाई “म तिमीलाई प्रेम गर्छु” भन्नुहुन्छ तब म के गरु ?

...........क. यसमा विश्वास गर्नु पर्छ ।

...........ख. यसमा रमाउनु पर्छ ।

...........ग. ती शब्दहरु केवल धार्मिक व्यक्तिहरुको लागि मात्र हुन भनेर सोच्नु पर्छ ।

२०.जब मैले एक वास्तविक खराब पापीहरुलाई येशू कहाँ आइरहेको देख्छु तब मैले के गर्नु पर्छ ?

...........क. तिनीहरु पाखण्डी हुन र परमेश्वरले तिनीहरुलाई इन्कार गर्नू हुनेछ भनेर सोच्नु ।

...........ख. “यदि परमेश्वरले मलाई क्षमा दिन सक्नुहुन्छ” भने तिनीहरुलाई किन नदिने ?

...........ग. परमेश्वरसँग उत्सव मनाउनु पर्छ ।

२१.जब म मेरो जीवन देखेर निराश हुन्छ तब मैले के गर्नु पर्छ ?

...........क. म सोच्दछु, म यसमा लागिरहेछु परमेश्वर मेरो खुशीयालीमा चाख लिइरहनु भएको छैन ।

...........ख. यसको बारे परमेश्वरसँग कुराकानी गर्नु पर्छ ।

...........ग. परमेश्वर मेरो खुशीयालीमा हेरविचार गर्नुहुन्छ भन्ने विश्वास गर्नुपर्छ ।

२२.मैले ठीकसँग जिउने कोशिस किन गर्नु पर्छ ?

...........क. किनभने त्यसप्रकारले जीवनमा राम्रोसँग काम गर्दछ ।

...........ख. किनकि म र परमेश्वर मिलेर केही कुरामा सँगै कार्य गर्न सक्छौ ।

...........ग. किनभने यदि मैले त्यस्तो गरेन भने परमेश्वरले मलाई इन्कार गर्नु हुनेछ ।

कृपया तल निम्न जानकारी लेख्नुहोस् ।

नामः ........................................... ।

ठेगानाः

................................................................

................................................................

................................................................

................................................................

................................................................

कृपया यस पुस्तकको बारेमा तपाईको प्रतिकृया हामीलाई लेख्नुहोस् ।

................................................................

................................................................

................................................................

................................................................

................................................................

................................................................

................................................................

................................................................

................................................................

Multi-Language Productions
Bringing the Word to the World

**Broken Hearted Father-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385181**